# तिनाउ गाउँपालिकाको स्वास्थ्य ऐन, २०८२

**सभावाट पारित मितिः २०८२। ०९। ३०**
**अध्यक्षबाट प्रमाणीकरण मितिः२०८२। १० ।१५**

**२०८२ सालको ऐन नं. २**

प्रस्तावना: नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ मा उल्लेखित अधिकारको प्रयोजनको लागि तथा गाउँपालिकाले सम्पादन गर्नुपर्ने संविधानको विस्तृतिकरणमा उल्लेख भएका कार्यसम्पादन गर्नका लागि स्पष्ट कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ अनुसार तिनाउ गाउँपालिकाको गाउँसभाबाट " तिनाउ गाउँपालिकाको स्वास्थ्य ऐन, २०८२ " बनाई जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** यस ऐनको नाम "तिनाउ गाउँपालिकाको स्वास्थ्य ऐन, २०८२" रहेको छ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "विधेयक" भन्नाले "तिनाउ गाउँपालिकाको स्वास्थ्य विधेयक, २०८२" लाई सम्झनु पर्दछ।

ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले वनाएको ऐनलाई बुझ्नु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिकालाई सम्झनुपर्दछ।

घ) "कार्यपालिका" भन्नाले तिनाउ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

ङ) "सरकारी" भन्नाले सरकारी स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ।

च) "सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था" भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट, लोककल्याणकारी संस्थाहरु तथा गैर नाफामुलक गैरसरकारी लगानी तथा स्वामित्वमा संचालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ।

छ) "निजी स्वास्थ्य संस्था" भन्नाले निजी क्षेत्रबाट नाफाको समेत उद्देश्य राखी संचालित स्वास्थ्य सेवा प्रदायक संस्था सम्झनु पर्दछ।

ज) "स्वास्थ्य समिति" भन्नाले दफा ७ अनुसार गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ।

झ) "अनुगमन समिति" भन्नाले दफा ८ अनुसार गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ।

ञ) "व्यवस्थापन समिति" भन्नाले दफा ९ अन्तर्गत बनेका स्वास्थ्य संस्था तथा अन्य क्लिनिकहरुको संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी तथा निजी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद औषधालय, आरोग्य केन्द्र, आखा उपचार केन्द्र, निजि क्लिनिक, पोलिक्लिनिक, डायग्नोष्टिक सेन्टर तथा स्वास्थ्य सम्बन्धी काम गर्ने सम्पुर्ण संस्थाहरुलाई सम्झनु पर्दछ।

ठ) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा प्रणाली (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, योग, अकुपञ्चर सेवा, आम्ची लगायतका पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्दनात्मक, निदानात्मक, उपचारात्मक, पुन:स्थापनात्मक र प्रशामक सेवा सम्झनु पर्दछ।

ड) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परि जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट वचाउन आवश्यकताअनुसार दिनु पर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्दछ।

ढ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा १ बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता परिपुर्तिका लागि राज्यबाट सुलभ रुपमा निशुल्क उपलब्ध हुने प्रतिकारात्मक, प्रवर्द्धनात्मक निदानात्मक, उपचारात्मक, पुन:स्थापनात्मक सेवा सम्झनु पर्दछ ।

ण) "प्रजनन स्वास्थ्य" भन्नाले मानिसका प्रजनन प्रणाली, प्रजनन अङ्गहरुको स्वास्थ्य, प्रजनन र यौन सम्बन्धी विषयहरु जनाउदछ ।

त) "सेवा प्रदायक" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीहरुको सम्बन्धित पेशागत परिषदमा दर्ता भई स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्दछ।

## परिच्छेद-२

## स्वास्थ्य सेवा प्रवाह, सेवाको पहुँच, सेवा प्रदायक र सेवा व्यवस्थापन सम्बन्धि व्यवस्था

**३. आधारभुत स्वास्थ्य सेवा:**

१) गाउँपालिका भित्रका प्रत्येक नागरिकहरुलाई तोकिए बमोजिम आधारभुत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा नि:शुल्क प्रदान हुनेछ।

२) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभुत स्वास्थ्य सेवाहरुमा गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गरी थप गर्न सक्नेछ।

३) गाउँपालिका भित्र आधारभुत सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचना रहने छन् ।

४) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, भौगोलिक अवस्था आदि कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन।

५) गाउँपालिका भित्र आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

क) **सरकारी वा सामुदायिक:** सरकारी वा सामुदायिक स्वामित्वमा संचालनमा भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेदिक औषधालय, नागरिक आरोग्य केन्द्र तथा प्राकृतिक चिकित्सालय, योग, प्राणायामहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

ख) **निजी** : निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, क्लिनिक,प्रयोगशाला, डायग्नोष्टिक सेन्टर, फार्मेसीहरु, निजि स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु**: ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

## ४. विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा:

१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतिका आधारमा गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ ।

२) कुनै पनि गैरसरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाउँपालिकासँग स्विकृती लिई संचालन गर्नु पर्नेछ ।

३) गाउँपालिका भित्र तोकिएबमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गराउनको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

## ५. प्रेषण सेवा:

१) गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि सेवा उपलब्ध हुने स्वास्थ्य संस्थामा प्रेषण गरी समन्वय गर्नुपर्नेछ।

२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्दछ ।

३) प्रेषण सम्वन्धी अन्य सेवा र सुविधा पालिका, संघ तथा प्रदेश सरकारबाट व्यवस्था गरे अनुसार हुनेछ ।

## ६. गुणस्तरीय स्वास्थ्य सेवा:

गाउँपालिकाले प्रत्येक गाउँबासीलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ । गुणस्तरीयताको मापदण्ड तोकिए बमोजिमको आधारमा हुनेछ ।

## ७. गाउँपालिका स्वास्थ्य समिति सम्बन्धी व्यवस्था:

**१)** गाउँपालिका भित्र समग्र स्वास्थ्य क्षेत्रको समन्वय, व्यवस्थापन, सुधार, नीति निर्माण स्वास्थ्य क्षेत्रको विकास गर्न देहाय बमोजिम पालिका स्वास्थ्य समितिको गठन गरिनेछ।

क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिकाको उपाध्यक्ष - उपाध्यक्ष

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

ङ) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

च) महिला स्वास्थ्य स्वयंसेविका संजाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

छ) कार्यपालिका सदस्यहरु मध्येबाट गाउँपालिकाका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना सदस्य

ज) स्वास्थ्य क्षेत्रमा काम गरिरहेका विज्ञहरु/गैरसरकारी संस्था/निजि क्षेत्रको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

झ) वडा/पालिका बाल संजालको प्रतिनिधित्व गर्ने गाउँपालिकाको अध्यक्षले तोकेको १ जना -सदस्य

ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**२)** गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने।

ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु संचालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धि कार्यपालिकालाई सिफारिस गर्ने।

ग) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरुका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोत जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने।

घ) गाउँपालिका क्षेत्र भित्र संचालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यवसायहरुलाई गुणस्तरीय, मर्यादित र व्यवस्थित बनाउने।

ङ) गाउँपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्थाहरुमा दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

च) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यवसाय र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने।

छ) मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्वोधन गर्ने।

ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने।

झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आबद्ध कर्मचारीहरुलाई कार्य सम्पादन तथा मुल्यांकनका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने।

ञ) स्वास्थ्य संस्थाहरुको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्राविधिक, कर्मचारी, स्वास्थ्य स्वयंसेवक एवं स्वास्थ्य कार्यकर्ता नियुक्त गर्नुपर्ने भएमा गाउँपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परिक्षा

तिनाउ गाउँपालिका

लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सुचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने।

ट) स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको गुणस्तर सुनिश्चितता गरी गुणस्तर कायम गराउन निर्देशन दिने।

ठ) स्वास्थ्य संस्थाबाट प्रदान हुने निशुल्क स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य सेवा स्वास्थ्य व्यवस्थापन समितिले आवश्यक ठानी थप स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने भएमा र स्वास्थ्य व्यवसायीहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने स्वीकृती दिने।

ड) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी सुन्ने तथा यथोचित सम्बोधन गर्ने गराउने ।

ढ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुचि अद्यावधिक तथा प्रकाशन गर्ने ।

ण) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सवैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

त) गाउँपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक राय सुझाव र सल्लाह दिने।

थ) गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपबल्धी बारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने।

द) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधिजन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यवस्थापन गर्ने गराउने।

ध) गाउँपालिका स्वास्थ्य समितिको आवश्यक कार्य संचालन निर्देशिका, नियम वा नियमावली तयार गरी तोकिए बमोजिमका कार्यहरु गर्ने।

न) गाउँपालिका स्वास्थ्य समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**३)** समितिको बैठक र निर्णय सम्बन्धमा:

क) समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ । आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले कुनै पनि बेला बैठक बोलाउन सक्नेछ ।

ख) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबिस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसुचि सहितको सुचना समितिको सवै सदस्यहरुलाई दिनुपर्नेछ।

ग) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

ङ) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई समितिको बैठकमा विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

छ) सेवा सुविधा तोकिए बमोजिम हुनेछ।



तिनाउ गाउँपालिका

ज) उपदफा (1) अन्तर्गत सदस्यहरुले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि बहुमत सदस्यले कार्यपालिकालाई जानकारी दिई पदबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिक सफाई दिने अवसर प्रदान गरिनेछ।यसरी हटाए उपचर चित्त नबुझेमा न्यायीक समितीमा उजुर लाग्नेछ।

**८. गाउँपालिका स्वास्थ्य अनुगमन समिति सम्बन्धी व्यवस्था**:

१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था तथा कार्यक्रम अनुगमन गर्न गाउँपालिका स्वास्थ्य समितिको मातहतमा रहने गरी स्वास्थ्य अनुगमन समिति गठन गरिनेछ।यस स्वास्थ्य अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ।

क) गाउँपालिका उपाध्यक्ष –अध्यक्ष

ख) सामाजिक बिकास समितिको संयोजक -सदस्य

ग) गाउँ सभाका सदस्यहरु मध्येबाट अध्यक्षले तोकेको एक जना महिला सदस्य – सदस्य

घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट गाउँपालिका स्वास्थ्य समितिले तोकेको एक जना - सदस्य

ङ) गाउँपालिका भित्रका स्वास्थ्य व्यवसायी संघसंस्थाहरु मध्येबाट गाउँपालिकास्वास्थ्य समितिले तोकेको एक जना - सदस्य

च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

छ) वडा/पालिकाको बाल संजालका प्रतिनिधि मध्येबाट अध्यक्षले तोकेको १ जना -सदस्य

ज) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

२) गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार: गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**९. स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था:**

१) गाउँपालिका तहमा गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैय्या सम्म क्षमताको अस्पताल स्थापना गरी संचालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

२) उपदफा (१) बमोजिम स्थापित अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम रहने गरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष - संरक्षक

ख) गाउँपालिका भित्र बसोबास गर्ने तोकिएको योग्यता पुगेको व्यक्ति मध्ये कार्यपालिकाबाट मनोनीत व्यक्ति - अध्यक्ष

ग)  सामाजिक विकास समितिको संयोजक - सदस्य

घ)  सम्बन्धित अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति - सदस्य

च)  गाउँकार्यपालिका स्वास्थ्य शाखाको प्रमुख - सदस्य

छ)  गाउँपालिका तहको अस्पतालको नर्सिङ ईन्चार्ज एक जना - सदस्य

ज)  स्थानीय उद्योग व्यापार संघको अध्यक्ष -सदस्य

झ)  गाउँपालिका तहको अस्पतालको मे.सु. -सदस्य सचिव

३) हाल संचालनमा रहेका स्वास्थ्य संस्था र स्थानीय आवश्यकताको आधारमा गाउँपालिकाले हाल संचालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नती गरी वा नयाँ थप गरि प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी संचालन गर्न सक्नेछ । यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य केन्द्र, गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य ईकाईहरुको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख)  गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष - अध्यक्ष

(ग)  समितिले मनोनित गरेको निर्वाचित वडा सदस्यहरुमध्येबाट एक जना - उपाध्यक्ष

(घ)  सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला - सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एक जना - सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयमसेविकाहरु मध्येबाट एक जना -सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेका वडा कार्यालयका सचिव -सदस्य

(ज)  सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव

४) स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ । संरक्षक सम्बन्धित वडा अध्यक्ष, समितिका पदेन सदस्यहरु, शिक्षक प्रतिनिधि, वडासचिव र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिमका मनोनित हुन समितिका सदस्यहरुको मनोनयन गर्नेछ ।

५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला

तिनाउ गाउँपालिका

प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरु मध्येबाट एक जना मनोनित गर्न सक्नेछ।

६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी आमन्त्रित सदस्यहरु रहनेछन्

क) दलित जनजातिबाट १ जना

ख) अपाङ्ग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग) किशोर किशोरीहरुको तर्फबाट १ जना

७) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने निजी, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ।

८) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपना नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठित समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**१०. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारी:**

**१)** स्थानीय स्वास्थ्यसंस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार निम्नानुसार हुनेछन्:

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाई सँग सम्बन्धित कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्र भित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने।

(घ) स्वास्थ्यको बृहत सामाजिक निर्धारक तत्वहरुको कारण परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट मानिसको स्वास्थ्यको बृहत सामाजिक निर्धारक तत्वहरुको कारण परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकुल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुबाट बच्न जनचेतना अभिवृदि जस्ता कार्यक्रमहरु लागु गर्ने नेतृत्व प्रदान गर्ने।

तिनाउ गाउँपालिका

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरिव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव श्रोत व्यवस्थापन सम्बन्धित कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरु लाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण श्रृजना गर्ने र उक्त कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समिक्षा तथा मूल्याङ्कन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्याङ्कनका आधारमा आवश्यक स्थानीय बित्तिय श्रोतसाधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धि तथ्याङ्क, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकडिङ्ग तथा रिपोटिङ्गलाई सुनिश्चित गरी यसको मासिक त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्य सेवाको अवधारणालाई क्रमश: लागु गर्दै जाने र सोको कार्यान्वयनका लागि गाउँपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने।

(ड) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य सेवा सुधार योजना निर्माण गर्ने ।

(न) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२)** स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

**३)** व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिक गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

४) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेन  सदस्यहरुको हकमा यो लागू हुने छैन ।

**११. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन सम्बन्धि व्यवस्था:**

१) कुनै पनि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनि गाउँपालिकाको स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पूरा गराई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिललाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

२) उप दफा १) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१२. वित्तीय व्यवस्थापन तथा बैंक खाता सञ्चालन:**

१) हरेक स्वास्थ्य संस्थाले आफ्नै बैंक खाता खोल्न सक्नेछ ।

२) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

३) उपदफा २ बमोजिमको लेखा व्यवस्थापन तथा लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. स्वास्थ्य सेवा सुधार योजना सम्बन्धी व्यवस्था:**

१) यो ऐन तथा प्रचलित कानुनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको स्वास्थ्य सेवा सुधार योजना स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले निर्माण गर्नेछ ।

३) स्वास्थ्य सेवा सुधार योजना तयार गर्दा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यकताको आधारमा गाउँपालिका स्वास्थ्य समिति स्वास्थ्य अनुगमन समिति तथा अन्य विषयविज्ञहरुसँग समेत परामर्श तथा सहयोग लिन सक्नेछ ।

४) उक्त स्वास्थ्य सेवा सुधार योजना वार्षिक रूपमा कार्यपालिकामा पेश भई बैठकबाट निर्णय भए पश्चात लागू गर्नुपर्नेछ।

**१४. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको व्यवस्था:**

१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य प्राविधिक मध्ये बाट प्रचलित व्यवस्थाको आधारमा कार्यपालिकाले तोकेको एकजना हे. ई. (Health Inspection) समूहको स्वास्थ्य शाखा प्रमुख हुनेछ । समान तहको हकमा सेवा अवधिको जेष्ठताको आधारमा हुनेछ ।

२) स्वास्थ्य शाखा प्रमुखको काम कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देखाए बमोजिम हुनेछ:

(क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ख) कार्यपालिका तथा गाउँ सभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्न गराउन क्रियाशील रहने ।

(ग) गाउँपालिकाको स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायको तथ्याङ्क अद्यावधिक गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने, अध्यावधिक गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोतको पहिचान सङ्कलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने

(च) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्सांकन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना बनाई स्वास्थ्य समिति समक्ष पेश गर्ने र स्वीकृत भएपछि कार्यान्वयन गर्ने गराउने

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापन सम्बन्धी कार्य गर्ने ।

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने ।

(झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रूपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने ।

(ञ) पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, राज्यबाट निःशुल्क उपलब्ध हुने औषधिहरूको नामावली, व्यवस्थापन समिति, तथा सदस्यहरूको तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको फोटोसहितको नामावली, महिला स्वास्थ्य स्वयंसेविकाहरूको फोटोसहितको नामावली, स्वास्थ्य सेवाहरूको प्रगति विवरण जस्ता सुशासनका औजारहरूलाई अद्यावधिक गर्ने तथा सर्वसाधारणले देख्ने गरी टाँस गराउने साथै स्वास्थ्य संस्थाहरूको औषधि भण्डारण कक्षको व्यवस्थापन र स्वास्थ्य संस्थाहरूको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त बनाउन आवश्यक सहयोग सँगै निर्देशन दिने ।

(ट) गाउँपालिकाको स्वास्थ्य समितिको सचिवालयको रूपमा कार्य सम्पादन गर्ने गराउने ।

(ठ) स्वास्थ्य सेवासँग सम्बन्धित तथा आफ्नो पदीय कार्य गर्दा गाउँसभा, कार्यपालिका एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने गराउने ।

## परिच्छेद-३

## विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

**१५. विद्यालय स्वास्थ्य कमिटि गठन, परिचालन तथा व्यवस्थापन:**

१) माध्यमिक तहका विद्यालयहरुमा कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरुलाई समावेश गरी एउटा विद्यालय स्वास्थ्य कमिटी गठन गरि परिचालन गरिनेछ ।

२) विद्यार्थीहरुलाई स्वास्थ्य सम्वन्धी व्यवहारिक शिक्षा प्रदान गर्नका लागि विविध क्रियाकलापहरु संचालन गरिनेछ ।

३) सम्पूर्ण गतिविधि तथा क्रियाकलापहरु शिक्षा शाखाको समन्वयमा संचालन गरिनेछ ।

४) कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि आवश्यक रकम गाउँपालिका, सरोकारवाला संघ संस्था तथा एउटै उद्देश्य भएका संघ, प्रदेशका कार्यक्रम वा विद्यालयको आफ्नै आन्तरिक स्रोतबाट व्यवस्थापन गरिनेछ ।

५) विद्यालयमा कमिटीका पदाधिकारीहरुले सिकेका ज्ञान, सिप तथा व्यवहारिक शिक्षालाई साथी समुह निर्माण गरि विद्यालयका सम्पूर्ण विद्यार्थीहरु समक्ष पुर्याइनेछ ।

## परिच्छेद-४
## सर्पदंश उपचार इकाइ तथा मनोसामाजिक परामर्श केन्द्र व्यवस्थापन सम्बन्धी

**१६. सर्पदंश उपचार इकाइको व्यवस्था:** सर्प तथा अन्य विषालु किरा, जीव जन्तुहरूको टोकाइको उपचारको निम्ति गाउँपालिकाले आवश्यकता अनुसार पालिकाले सर्पदंश तथा रेबिज उपचार इकाइको स्थापना गर्नेछ । यस्ता इकाइको दरबन्दी तथा अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

**१७. मनोसामाजिक परामर्श केन्द्रको व्यवस्था:** मनोसामाजिक समस्या, समाजिक अपराध तथा आत्महत्या लगायतका समस्याहरूलाई न्यूनिकरण गर्नका लागि गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट आधारभूत मानसिक/मनोसामाजिक स्वास्थ्य सेवा तथा परामर्श प्रदान गर्नु पर्नेछ।

## परिच्छेद-५
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१८. कर्मचारी व्यवस्थापन:**

१) गाउँपालिका मातहतमा सरकारी स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरू रहनेछन् ।

**(क) स्थायी:** प्रदेश लोकसेवा आयोगबाट प्रक्रिया पुऱ्याई नियुक्ति भई आएका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट छनौट भई आएका, अन्यत्रबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरू ।

**(ख) करार:** स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरू ।

**(ग) अभ्यासकर्ता:** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययन र विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका विद्यार्थीहरूलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रूपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ, यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सक्ने छ।

**घ) ज्यालादारी:** आकस्मिक आवश्यकताको आधारमा प्रचलित कानुनमा तोकिएबमोजिम निश्चित संख्या र दिन गाउँपालिकाले भर्ना गर्न सक्नेछ।

२) गाउँपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्तिहरूको कार्य सम्पादनको वैज्ञानिक स्तरमान प्रणालीका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्वास्थ्यकर्मी, स्वास्थ्यस्वयंसेवकहरुलाई गाउँपालिकाले पुरस्कृत गर्नेछ ।

३) उपदफा १ बमोजिमका स्वास्थ्यकर्मीहरूको सेवा, समूह, उपसमूह, सुविधा तोकिए बमोजिम हुनेछ ।

**१९. स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:**



तिनाउ गाउँपालिका

१) स्वास्थ्य सेवालाई समुदायको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले सम्बन्धित टोल वा वडाको स्वास्थ्य आमा समूहको सिफारिसमा देहाएको योग्यता पूरा गरेका महिलालाई स्वास्थ्य स्वयंसेविकाको मान्यता स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रदान गर्नेछ।

(क) विवाहित महिलाको हकमा उमेर कम्तीमा २६ वर्ष पुरा गरी ४० वर्ष ननाघेको तथा अविवाहित महिलाको हकमा उमेर ४० देखि ४५ वर्ष भित्रको भएको हुनुपर्नेछ।

(ख) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्बन्धी १० दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ।

२) दफा १९ बमोजिमका अभियानकर्ता तथा स्वयंसेविकाहरूलाई गाउँपालिका र स्वास्थ्य संस्थाहरूले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ।

३) ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ताको व्यवस्था गरी अनिवार्य विदाई गरिनेछ। नया छनौट गर्दा कम्तिमा १० पास वा एस.एल.सी वा एस ई ई उर्तिण गरेको हुनुपर्नेछ।

४) कुनै पनि संस्थामा कार्यरत तलबी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा कार्य गर्न पाइने छैन।

५) प्रत्येक दुई वर्षमा स्वास्थ्य आमा समूहको अनुरोध र वडा समितिको सिफारिसमा ६० वर्षको उमेर नपुगेसम्म आफ्नो सेवा प्रदान गर्न सक्नेछन्। सिफारिस नभएमा वा ६० वर्ष पुगेपछि स्वत: पदमुक्त हुनेछ।

६) फौजदारी अभियोगमा कसुरदार नभएको, मानसिक सन्तुलन ठिक भएको, परिवारको मञ्जुरी लिएको, अस्थायी रुपमा अन्य स्थानमा बसोबास नगर्ने हुनुपर्नेछ।

**२०. स्वास्थ्यकर्मीको सेवा सुविधा सेवासम्बन्धी व्यवस्था:**

१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको तलब भत्ता तथा अन्य सुविधा बमोजिम र गाउँपालिकाले तोके बमोजिम हुनेछ।

२) करार स्वास्थ्यकर्मीको प्रचलित तलब स्केल वा दुई पक्ष बीचको समझदारीमा भएको करार सम्झौता बमोजिम सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

३) अभ्यास गर्दा स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा गाउँ कार्यपालिकाले तोके बमोजिमको सेवा सुविधा उपलब्ध हुनेछ।

४) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक वार्षिक रुपमा, अभियानमा खटाइएको समयमा तथा तालिम र गोष्ठीहरूमा तोकिएको बमोजिमको यातायात खर्च साथै गाउँपालिकाबाट थप सुविधा उपलब्ध गराउन सकिनेछ ।

५) स्वास्थ्यकर्मीको विदा र सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

**२१. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवा सम्बन्धी व्यवस्था :**

१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरबन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिमको हुनेछ।

२) नेपाल सरकारले निर्धारण गरेको दरबन्दी अनुसारको पदहरूमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहनेछन् । समायोजन भई नआएका वा थप कर्मचारीको आवश्यकता परेमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्त गर्न सक्नेछ।

तिनाउ गाउँपालिका

३) स्वास्थ्य संस्थामा रिक्त दरबन्दीमा करार स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको करार कर्मचारीको छनोट समितिले गर्नेछ।

४) गाउँपालिका भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउँदा सेवाग्राहीले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिए बमोजिमको प्रक्रिया अपनाई गाउँपालिका अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम सरुवा गर्दा दरबन्दी अनुसारका पदहरूमा कार्यरत स्थायी कर्मचारीहरूको हकमा सोही दरबन्दी भएको ठाउँमा मात्र गर्न पाइनेछ।तर आकस्मिकताको आधारमा गाउँपालिकाले तोकेको स्थानमा खटिई कामकाज गर्नुपर्नेछ।

६) संघ तथा प्रदेश लोकसेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ।

७) स्वास्थ्यकर्मीको सरुवा, बढुवा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिमको हुनेछ।

**२२. कार्यसम्पादन करार सम्झौता सम्बन्धी व्यवस्था :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाए अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

१) स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष, स्वास्थ्य शाखाका अन्य कर्मचारी तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत समक्ष र स्वास्थ्य संस्थाका अन्य कर्मचारीले स्वास्थ्य संस्था प्रमुख समक्ष कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

२) कार्यसम्पादन करार सम्झौता बढीमा 1 वर्षको हुनेछ। करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

३) वार्षिक कार्य सम्पादन करारका सूचकहरू निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ।

४) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो सँग सम्बन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन पाइने छैन।

५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघ, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धी ऐन नियममा अन्यथा भए बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

६) उपदफा (१) अनुसार नियुक्ति हुनेको योग्यता सेवा सर्त सुविधा प्रचलित कानुनमा तोकीय बमोजिम हुनेछ ।

७) अन्यत्र जेसुकै लेखिएता पनि आफ्नो क्षमता र कामका आधारमा कार्यपालिकाले तयार गरेको सेवा सुविधा र शर्तहरू करारमा उल्लेख गरी करार कर्मचारी नियुक्ति गर्न सकिनेछ।

**२३. पदीय आचरण तथा अन्य व्यवस्था सम्बन्धमा :**

१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई गाउँपालिकाको स्वास्थ्य समितिले प्रचलित कानुन बमोजिम कारबाही वा सिफारिस गर्न सक्नेछ।

(क) तोकिए बमोजिम पदिय दायित्व पूरा नगरेमा ।

(ख) बिना सूचना लगातार १५ दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा ।

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा।

(च) राजनीतिक दलको कार्यकरिणी समितिमा रहेको पाइएमा

(छ) व्यावसायिक हकहितका नाममा सूक्ष्म रूपमा अमुक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारणी समिति सम्झनुपर्दछ।

२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कानुनको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ।

**२४. अदालतको आदेशबाट पून:बहाली हुन सक्ने सम्बन्धमा :**

१) दफा (२३) को उपदफा (१) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन:बहाली हुन सक्नेछ।

२) उपदफा (1) बमोजिम पुन:बहाली भएको स्वास्थ्यकर्मी वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखी पुन:बहाली भएको मिति सम्मको पुरा तलब, वृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ।

**२५. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुने सम्बन्धमा:** नियमानुसार बिदा स्वीकृत नगराई बसेको, कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेको, बेतलवी बिदामा बसेको, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले उक्त अवधिको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधि सेवामा गणना समेत हुनेछैन।

२६. स्थायी आवासीय अनुमति लिन नहुने सम्बन्धमा: गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले विदेशको स्थायी आवासीय अनुमति लिन पाईने छैन।विदेशको स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवाबाट बर्खास्त, खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## स्वास्थ्य संस्था खोल्न अनुमति वा स्वीकृत र खारेजी सम्बन्धी व्यवस्था

**२७. स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्ने सम्बन्धमा:**

१) नेपाली नागरिक, संस्था, निकाय र समुदायले सामुदायिक वा निजी स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यवसाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागि निवेदन दिनुपर्नेछ।

२) उपदफा १) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिकाले आवश्यक जाचँबुझ गर्ने र जाचँबुझ गर्दा निजि स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय संचालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय संचालन गर्ने अनुमति स्वास्थ्य समितिको सिफारिसका आधारमा कार्यपालिकाले दिनेछ। गाउँपालिकाले आफै स्वास्थ्य संस्था खोल्न आवश्यक ठानेमा गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसका आधारमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

३) उपदफा २ बमोजिम अनुमति लिई खोलिएको स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले स्विकृति प्रदान गर्नेछ।

४) गाउँपालिकाको स्वामित्वमा रहने बाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा संचालन गर्न पाउने अनुमति दिने छैन।

५) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिइएको भएतापनि सामुदायिक वा सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय संचालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

क) गुठी संचालन गर्न गुठी संचालक संगठित संस्थाको रुपमा हुनु पर्ने।

ख) गुठी संचालन गर्दा सार्वजनिक गुठी भए ट्रष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनुपर्ने।

ग) आय व्ययको लेखा तोकिए बमोजिम खडागरी मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनुपर्ने।

घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा कार्यगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन्। त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको पूर्व स्विकृती लिनुपर्नेछ।

६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यबाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय संचालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृतीलाई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय संचालन गर्न सक्नेछ।

७) उपदफा ६) बमोजिम संचालित संस्था र स्वास्थ्य व्यवसायले पालना गर्नुपर्ने सर्त तथा अन्य व्यवसाय तोकिए बमोजिम हुनेछ।

८) नेपाल सरकारको प्रचलित कानुन बमोजिम अनुमति, स्विकृति प्राप्त गरी संचालनमा रहेका हाल तिनाउ गाउँपालिकाको क्षेत्राधिकार भित्रपर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय यसै ऐन अनुसार स्थापना भएको मानिने छ। त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितिले ३ (तीन) महिना भित्र दर्ता नियमित गर्न गराउन कार्यपालिकामा तोकिएको ढाचाँमा सम्पूर्ण विवरण सहितको निवेदन पेश गर्नुपर्ने छ।

९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय दर्ता तथा संचालन प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ।

**२८. अनुमति वा स्वीकृति रद्ध गर्ने व्यवस्था:** दफा २७ को उपदफा २) र ३) बमोजिम खोलिएका कुनै पनि निजी, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायबाट यो ऐन र

अन्तरगत बनेको नियमावली विपरित अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो कुनै निजी स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायीलाई प्रदान गरेको अनुमति वा स्वीकृति गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसमा रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृती रद्ध गर्नुअघि सफाई पेश गर्ने मौका दिईनेछ, खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ।

**परिच्छेद-७**

**स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धी मापदण्ड**

**२९. अस्पताल तथा स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड:**

१) अस्पताल: गाउँपालिका आफैले तोकिएको मापदण्डमा 15 (पन्ध्र) शैय्या सम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरि संचालन गर्नेछ।

२) स्वास्थ्य चौकी: गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र संचालन गर्नु पर्ने छ।

क) जनशक्ति: यो ऐन लागू हुदाका बखत नेपाल सरकारबाट तोकिएको न्युनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहने छ। गाउँकार्यपालिकाले आवश्यकता अनुसार जनशक्ती थपघट गर्न सक्ने छ।

ख) भवन कोठा: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन।

ग) उपकरण: प्राथमिक उपचारका आधारभुत उपकरण आदि ।

३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र: गाउँपालिका क्षेत्र भित्र जडिवुटि, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैले देहायका पूर्वाधार पुरा गरि कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्न सक्नेछ।

क) जनशक्ति: नेपाल सरकारबाट तोकिएको दरबन्दी अनुसारको जनशक्ति हुनेछ। गाउँपालिकाले थप जनशक्ति तोक्न सक्नेछ।

ख) भवन कोठा: प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पुर्व कर्म कक्ष जस्ता सुविधा सहितको भवन।

**३०. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने व्यवस्था:**

१) गाउँपालिका क्षेत्र भित्र निजि क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्धारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाचाँमा गाउँपालिकामा निवेदन दिनुपर्ने छ।

३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ।

४) उपदफा (३) बमोजिमको आधारमा गाउँकार्यपालिकाले २ वर्ष भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

५) तोकिएको समय सिमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँकार्य4पालिकामा निवेदन दिनुपर्नेछ।

६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्नेछ।

७) आशय पत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाइएमा स्वीकृति प्रदान गरिने छैन।

८) गाउँपालिकाले गाउँ क्षेत्रमा संचालित सवै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ।

**३१. अस्पताल संचालन सम्बन्धी आवश्यक मापदण्ड:** गाउँपालिकाको स्वीकृतिमा संचालन हुने अस्पतालमा देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्ने छ।

क) जनशक्ति: कम्तीमा २ जना MBBS डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा १ जना ल्याव टेक्निसियन र १ जना ल्याब असिसटेण्ट, ४ जना हेल्थ असिसटेण्ट, ४ जना अ.हे.ब., ४ जना अ.न.मी. र ४ जना कार्यालय सहयोगी तथा १ जना स्विपर।

ख) भवन तथा कोठा: दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी हुनुपर्ने।

ग) उपकरण र पूर्वाधार: सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाईफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापन प्रणाली भएको हुनुपर्नेछ।

घ) अन्य पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ।

ङ) गाउँपालिकाले थप मापदण्ड तोकी लागु गर्न सक्नेछ।

३२.पोलिक्लिनिक संचालनको अनुमति: गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ।

३३. मेडिकल प्रयोगशाला संचालन: व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

क) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

ख) प्रयोगशाला संचालन गर्ने स्थान, घरधनी र संचालक विचको घरभाडा सम्बन्धी सम्झौता पत्र,

ग) प्याथोलोजी विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्युनतम १५ महिना अध्ययन गरी स्वास्थ्य व्यवसायी परिषदबाट लाईसेन्स प्राप्त गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

घ) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

ङ) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,

च) प्रस्तावित लागत,

छ) प्रचलित ऐन, कानुन र नियम अनुसारको सम्पूर्ण मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

३४. फार्मेसी संचालनको अनुमति: फार्मेसी संचालन गर्ने व्यक्ति वा फर्मले गाउँपालिकामा अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पूरा गरी औषधी व्यवस्था विभागबाट स्वीकृति लिएको फार्मेसी संचालन अनुमतिपत्र पेश गर्नुपर्नेछ।

**३५. मापदण्ड पूरा नगरेमा सजाय हुने व्यवस्था**:

१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालन स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

२) गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने स्वास्थ्य संस्थाहरुको अनुमति, स्विकृति तथा मापदण्ड गाउँपालिकाले तोके बमोजिम हुनेछ भने संघ वा प्रदेशबाट स्थापना भएका स्वास्थ्य संस्थाहरुको स्थापना तथा संचालन सम्बन्धी मापदण्ड संघ वा प्रदेशले तोके बमोजिम हुनेछ।

३) यसभन्दा अघि नै स्थापना भईसकेका स्वास्थ्य संस्थाहरुको हकमा पनि यसै ऐन अन्तर्गत स्थापना तथा संचालन भएको मानिने छ तर यस्ता संस्थाहरुको मापदण्ड पुरा नभएको पाईएमा गाउँपालिकाबाट निश्चित समय उपलब्ध गराई तोकिए बमोजिमको मापदण्ड पुरा गर्न मनासिव मौका दिईनेछ। उक्त निश्चित समय भित्र पनि मापदण्ड पुरा नगरेको पाईएमा उक्त स्वास्थ्य संस्थाहरुको अनुमति तथा स्वीकृति खारेज गरिनेछ।

४) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, संचालकलाई कालोसूचीमा राखी सोको आम जनतालाई जानकारी दिइनेछ।

५) फार्मेसीको हकमा दर्तावाला संचालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधि बेचेको पाइएमा तोकिए बमोजिम जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ।

३६. **सहुलियत र छुट हुने व्यवस्था**: निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले कुल शैयाको कम्तीमा १० प्रतिशत शैया गाउँपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहीहरुका लागि नि:शुल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

## परिच्छेद-७
## कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्बन्धी व्यवस्था

३७. **आकस्मिक चक्र कोषको स्थापना तथा संचालन सम्बन्धी व्यवस्था:**

१) अति विपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह विशेष, गर्भवति तथा सुत्केरी महिला/नवजात शिशु, कुपोषित बालबालिकाको जीवन रक्षाको लागि प्रेषण सेवालाई चुस्त दुरुस्त बनाउन प्रसुति केन्द्र भएका हरेक स्वास्थ्य संस्थाहरु र कुपोषण उपचारको लागि बहिरंग सेवा भएको स्वास्थ्य संस्थामा एउटा आकष्मिक चक्र कोषको स्थापना गर्नुपर्नेछ। उक्त कोषको स्थापना संचालन तथा विघटन सम्बन्धी व्यवस्था तोकिएको बमोजिम हुनेछ।

**३८. शुल्क सम्बन्धी व्यवस्था:**

१) नेपाल सरकारले घोषणा गरेको निशुल्क आधारभुत स्वास्थ्य सेवामा गाउँपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले आफ्नो इच्छाले दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ। यसरी प्राप्त श्रोतको स्पष्ट अभिलेख राख्न पर्नेछ।

३) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थाबाट निशुल्क आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक श्रोतको व्यवस्था गर्नेछ।

४) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि निशुल्क सेवा प्रदान गर्नका लागि तोकिएको बाहेकका सेवा दिन गाउँपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, संचालन व्यवस्थापनका लागि आवश्यक शुल्क निर्धारण गरि लागु गर्न गराउन सक्नेछ।

५) उपदफा (१) बमोजिम निशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवा र गुणस्तरको आधारमा शुल्क निर्धारण गरी गाउँपालिकाको स्वीकृतीमा लागु गरिनेछ।

६) बिरामी तथा सेवाग्राहीसँग लिने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृत दिदा उपलब्ध गराइएको सुविधाको आधारमा दिईनेछ।

७) यस ऐन विपरित शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी गाउँपालिकाबाट जरिवाना गर्न सक्नेछ।

**३९. निजी स्वास्थ्य संस्थाद्धारा नि:शुल्क उपचारको व्यवस्था:**

१) निजी स्वास्थ्य संस्था:- निजि लगानी रहेका अस्पताल, क्लिनिक, पोलिक्लिनिक, नर्सिङ्ग होम, वैद्यखाना, सुधार केन्द्र, डायग्नोष्टिक सेन्टर, रक्तसंचार केन्द्र आदिहरुले कुल सेवामा कम्तिमा १०

प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, दलित वा अल्पसंख्यकहरुलाई निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ।

२) उपदफा (१) बमोजिमको दिइने सेवामा गाउँपालिकाको स्वास्थ्य समितिले आधार सहित सेवाको लागि सिफारिस गर्न सक्नेछ। उक्त सिफारिसलाई प्राथमिकतामा राखेर सेवा दिनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

३) उपदफा (१) बमोजिमको सेवाको आधार सहितको विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ।

४) उपदफा (२) बमोजिम गाउँपालिकामा पेश भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्न स्वास्थ्य समितिले सम्बन्धित संस्थालाई निर्देशन दिन सक्नेछ।उक्त निर्देशन सम्बन्धित संस्थाले पालना गर्नुपर्नेछ।

**४०. स्वास्थ्य संस्थाको सम्पत्ति सम्बन्धी:**

१) गाउँपालिकाको स्वामित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ। गाउँपालिकाले प्रयोगमा आउने बाहेकका अन्य सम्पत्ती प्रचलित कानुन बमोजिम बेचविखन गरी प्राप्त रकम गाउँपालिकाको मुल सम्बन्धित खातामा जम्मा गरिनेछ।

२) सार्वजनिक गुठी अन्तर्गत संचालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ। कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा संचालन गरिएको भएमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

३) निजी (निजी, साझेदारी तथा निजी साझेदारी कम्पनी) स्वामित्वमा संचालित संस्थाहरुको सम्पत्ती सम्बन्धित व्यक्ति वा निकायको स्वामित्वमा रहनेछ।

४) निजी (निजी, साझेदारी तथा निजी साझेदारी कम्पनी) स्वामित्वमा संचालित संस्थाहरुले कुनै व्यक्ति वा संघसंस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पूर्वस्विकृति लिनुपर्नेछ। तर विदेशि व्यक्ति वा संघसंस्थाबाट त्यसरी चल, अचल सम्पत्ती प्राप्त गर्न गाउँपालिकाको सिफारिसमा संघिय सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघिय सरकारको स्वीकृती बिना र गाउँपालिकाको स्वीकृतीमा प्राप्त गरेको सम्पत्ती गाउँपालिकाको स्विकृति बिना बेचविखन वा अन्यथा गर्न पाईनेछैन।

**४१. छुट र सुविधा सम्बन्धी व्यवस्था:**

१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा संचालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

२) उपदफा (१) मा लेखिएको बाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ।

३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा संचालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**४२. बार्षिक खरिद योजना सम्बन्धी:**

१) बार्षिक रुपमा आवश्यक पर्ने औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरणको अनुमान गरी बार्षिक खरिद योजना बनाइ स्विकृत गराउनु पर्नेछ।

२) खरिद सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**४३. औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरण खरिद सम्बन्धी व्यवस्था:**

१) औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिकाले प्रक्रिया अघि बढाउने छ।

२) औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरण खरिद कार्यमा सार्वजनिक खरिद ऐन र प्रचलित कानुनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि विपत, महामारी तथा आकस्मिक अवस्थामा स्वास्थ्य संस्था र पालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक श्रोतबाट सोझै खरिद गर्न सक्नेछ।

**४४. औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरणको भण्डारण सम्बन्धी व्यवस्था:**

१) खरिद गरिएको औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरण प्रदेश र संघबाट प्राप्त औषधि तथा उपकरण सुरक्षित भण्डारको व्यवस्था गर्न पालिकाले स्वास्थ्य शाखाको एउटा छुट्टै भण्डार कोठाको व्यवस्थापन गर्नेछ भने हरेक स्वास्थ्य संस्थाले पनि भण्डारण कक्ष वा स्थान बनाउनु पर्नेछ।

२) औषधि, प्रयोगशाला तथा स्वास्थ्य उपकरणको खरिद योजना अनुसार गर्नुपर्नेछ। खरिदको परिमाण निर्धारण स्थानीय स्वास्थ्य संस्थाले माग गरे बमोजिम ३० प्रतिशत नबढाइकन गर्नुपर्नेछ।

३) सम्बन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको औषधि तथा औषधिजन्य उपकरणको भण्डारण, वितरण तथा अभिलेख प्रचलित नियमानुसार गर्नुपर्नेछ र विस्तृत विवरणको प्रतिवेदन त्रैमासिक रुपमा स्वास्थ्य शाखामा बुझाउनुपर्नेछ।

## परिच्छेद-९

## स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड मुल्यांकन, सामाजिक सुरक्षा कार्यक्रम अनुगमन सम्बन्धी व्यवस्था

**४५. स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड मुल्यांकन:**



तिनाउ गाउँपालिका

गाउँपालिकाले स्थानिय स्तरमा संचालित स्वास्थ्य संस्थाहरु, चिकित्सकीय उत्पादन र सेवाहरुको न्युनतम सेवा मापदण्ड र गुणस्तरण निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मुल्य नभ नभएको अनुगमन गरी सो कार्य गराउन निर्देशन दिनेछ ।

**४६. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था**:

१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक निति अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

**४७. सरसफाई, स्वच्छताका लागि अनुगमन तथा नियमनको व्यवस्था**:

१) स्वच्छ तथा सुरक्षित खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु, ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

३) सिफारिस बमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-१०

## महामारी,नसर्ने रोगको रोकथाम तथा वातावरणीय स्वास्थ्य सम्बन्धी व्यवस्था

**४८. रोग तथा रोगीहरुको अभिलेख सम्बन्धी व्यवस्था:**

१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टाभित्र नजिकको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकालाई टिपोट गराउनुपर्नेछ ।

२) कसैलाई दिर्घ नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी १ हप्ताभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

३) टिपोट गराएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समितिमा जानकारी गराई गाउँपालिकाको स्वास्थ्य सुचना प्रणाली अनुसार प्रतिवेदन पठाउनुपर्नेछ ।

४) नसर्ने रोगको स्क्रिनिङ, व्यवस्थापनमा खटिएका स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था वा इकाईहरुले सोको प्रभावकारी अभिलेख राखी गाउँपालिकाको स्वास्थ्य शाखामा प्रतिवेदन गर्नुपर्नेछ ।

५) उपदफा (१), (२) र (४) बमोजिम टिपोट गरिएको विवरणको प्रचलित नियमानुसार गोपनियता कायम गर्नुपर्नेछ ।

**४९. महामारी रोकथाम तथा संक्रामक रोग नियन्त्रण सम्बन्धि व्यवस्था:**

१) स्थानीय स्तरमा संक्रामक रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न, अन्यत्रबाट सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध लगाउन, आवातजावतमा अस्थायी प्रतिवन्ध लगाउन, वा प्रदेश सरकार र संघिय सरकारसँग समन्वय गरी सर्वसाधारण जनता वा व्यक्तिहरुको समुह उपर लागु हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ।

३) महामारी रोकथाम तथा संक्रामक रोग नियन्त्रण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**५०. सुर्ती मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन सम्बन्धी व्यवस्था:**

१) सुर्ति तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ ।

२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्री गर्न बन्देज लगाइनेछ ।

३) सुर्तीमदिरा र लागू पदार्थ जन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न गाउँपालिकाले निषेधित र खुला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, स्वास्थ्य संस्था, हाट बजार लगायत सार्वजनिक स्थलहरूको १०० मिटर भित्र धुम्रपान र मध्यरापान निषेध गर्नेछ ।

४) खाद्य पदार्थ सँगै सुर्ती सुर्तिजन्य तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा र निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५१. सरसफाई कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन सम्बन्धी व्यवस्था**

१) गाउँपालिकाको स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड खानेपानी तथा सरसफाई सम्बन्धी शाखासँगको समन्वयमा तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

२) यसरी अनुमोदन भएका मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले विभिन्न माध्यमको प्रयोग गरी वा महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी वा दुवै माध्यमबाट सबै घर परिवारको पहुचँमा पुर्याईनेछ ।

३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था हुनुपर्नेछ।

४) एक परिवारको शौचालय ढल र फोहोर मैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानि नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानि पुर्याउने परिवारले तिर्नु पर्नेछ।

५) विभिन्न क्षेत्रमा निष्कासित फोहोर मैलाको उचित व्यवस्थापन गरी कम्पोस्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

**५२. वातावरणीय प्रदुषण नियन्त्रण तथा न्यूनीकरण सम्बन्धी व्यवस्था:**

१) उच्च ध्वनि प्रदूषणबाट उत्पन्न हुने स्वास्थ्य समस्या न्यूनीकरणका लागि राति १० बजेदेखि बिहान ५ बजेसम्म गाउँपालिका क्षेत्रभित्र चर्को आवाजमा कुनै पनि उच्च ध्वनिजन्य सामग्रीहरु बजाउन गाउँपालिकाले पूर्ण रुपमा रोक लगाउनेछ यदि कसैले यो नियमको अवज्ञा गरेमा प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ।

२) जल, वायु, विषादी र अन्य जैविक तथा रासायनिक पदार्थको प्रदूषणका कारण उत्पन्न हुने स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न गाउँपालिकाले आवश्यक नियम बनाई लागु गर्नेछ।

३) प्रदुषणको कारण स्थानीय समुदायमा परेको प्रभावलाई निरन्तर रुपमा अध्ययन जाचँ गरी आवश्यक पहलकदमी लिएको हुनेछ।

## परिच्छेद-११
## विविध

**५३. सुरक्षित क्षेत्र कायम गर्नुपर्ने सम्बन्धी:**

१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित कार्य क्षेत्र कायम गर्नु सबैको कर्तव्य हुनेछ।

२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

३) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनीय हुनेछ। भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

४) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिंदा सेवा लिनेको व्यक्तिगत गोपनीयताको हक सुरक्षित गराउनु सम्बन्धित स्वास्थ्य संस्था र कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ व्यक्तिगत गोपनीयताको हक सुरक्षित नभएको वा कुनै पनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

**५४. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस सम्बन्धी व्यवस्था**

१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ।

२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनुपर्नेछ।

**५५. संघीय र प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउन पर्ने सम्बन्धित व्यवस्था**:

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई सहयोग पुऱ्याउन गाउँपालिका स्वास्थ्य शाखाले समन्वय गर्नेछ।

**५६. अनुगमन र नियमन:**

गाउँपालिकाले समग्र स्वास्थ्य सेवा तथा परम्परागत आमा समूह धामी झाँक्री र आंशिक सेवाको अभिलेख अध्यावधिक गरी तिनीहरूको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ। जसका लागि गाउँपालिकाले छुट्टै अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण सम्बन्धी नियम वा निर्देशिका बनाई लागू गर्नेछ।

**५७. साझेदारी सम्बन्धमा:**

गाउँपालिकाले आधारभूत तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय निजी व्यवसायी सामाजिक संघसंस्था ट्रस्ट र व्यक्तिहरूसँग विभिन्न कार्यका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरूबाट औषधि उपकरण विशेषज्ञ सीपहरूको सहायता प्राप्त गर्न सक्नेछ।

**५८. प्रगति विवरण बुझाउनुपर्ने**

१) गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले मासिक चौमासिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

२) निजी स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

३) उपदफा (१), (२) मा जुनसुकै उल्लेख भएपनि गाउँपालिकाले तथा सम्बन्धित निकायले माग गरेको अवस्थामा वा कुनै पनि समयमा तोकिएका विवरणहरू माग गर्ने निकायमा पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको जिम्मेवारी हुनेछ।

**५९. दण्ड र सजाय**

१) कसैले सरकारी सामुदायिक सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

२) कसैले देखाएका कार्य गरेमा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिमको दुःख दिएमा, अमर्यादित कार्य गरेमा, कानुन विपरितका कार्य गरेमा सजाय हुनेछ।

क) उपचार सेवा र स्वास्थ्य सेवासँग सम्बन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिंदा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) उपचारको क्रममा गलत नियत राखेमा,

३) गाउँपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**६०. नियम बनाउने अधिकार**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य सेवा नियमावली बनाउन सक्नेछ।

२) यस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाको स्वास्थ्य समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

३) कार्यपालिकाले समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन वा कुनै स्वास्थ्य सम्बन्धित विशेष विषयलाई लिएर निर्देशन जारी गर्न सक्नेछ।

**६१. संक्रमणकालीन अवस्था:-** यस ऐनले तोकिएको तथा तोकीय बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्न सक्नेछ।

**६२. बाधा अड्काउ फुकाउने अधिकार**:- यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तोबाट अड्काउ फुकाउन वा हटाउन आदेश जारी गर्न सक्नेछ।

**६३. बचाउ र लागु नहुने:**

१) यो ऐन र अन्तर्गत बनेका नियमावली लेखिए जति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

२) संघीय र प्रादेशिक कानुनसँग बाँझिन गएमा यस ऐनका दफा र उपदफाहरु बाँझिएको हदसम्म स्वत खारेज हुनेछ।

**६४. यसै अनुसार हुने:**

१) यस अघि भए गरेका काम कारबाहीहरू यसै ऐन अनुसार भएको मानिनेछ।

२) यसअघि कानुनबमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी ,स्वयंसेवकहरूलाई नेपाल सरकारले दिइँदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय कारबाही गर्न बाधा पर्ने छैन।

तिनाउ गाउँ सभाको अठारौं अधिवेशनबाट मिति २०८२ पुष ३० गते स्वीकृत भएको उपरोक्त अनुसारको "तिनाउ गाउँपालिकाको स्वास्थ्य  ऐन, २०८२" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणित गर्दछु।

.............

**प्रेम श्रेष्ठ**

**गाउँपालिका अध्यक्ष**

**मितिः २०८२।१०।१५**

**तिनाउ गाउँपालिकाको**

**स्वास्थ्य ऐन, २०८२**

तिनाउ गाउँपालिका